# शिवपुरी गाउँपालिकाको कर शुल्क संकलन सम्बन्धी पहिलो गाउँसभाबाट

*आ.व.२०७४/७५ को बार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गत आ.व.२०७४/७५ को लागि निर्धारण भएका कर, दस्तुर, शुल्क तथा महशुलः*

अनुसूचि (1)

**सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

एकिकृत सम्पत्ति कर निर्धारण गरी लागू नहुँदा सम्म देहाय बमोजिम विभिन्न सम्पत्तिमा कर लगाईने छ ।

१. **धुरी कर :**

क) RCC/RBC ढलान घरको पहिलो तल्ला रु.२००/- ( RCC/RBC ढलान घरमा छाना जस्ता राखिएमा ढलान सरह मानिनेछ)

ख) RCC/RBC विनाको जस्ताको छाना भएको पक्की घर रु.१००/-

ग) ढुंगा माटोले बनेको जस्ता/ढुंगाको छाना भएको कच्ची घर रु.१००/-

घ) ढुंगा माटोले बनेको खरको छाना भएको कच्ची घर रु.५०/-

मालपोत कर र धुरी कर प्रत्येक आर्थिक वर्ष भित्र बुझाउनु पर्नेछ । अन्यथा विलम्ब शुल्क चालु आ.व. भित्र बुझाएमा अघिल्लो १ वर्षको मात्र थप गरी र पछिल्ला बर्षहरुमा थप १०%, का दरले बृद्धि हुदै जानेछ ।

२. **घर नक्शा पास, निर्माण स्वीकृती दस्तुर :**

क) गाउँपालिकाको शहर उन्मुख क्षेत्रमा (मध्यपहाडी लोकमार्ग तथा पक्की सडक आसपास) :

अ) आर.सी.सी. ढलान घर प्रतिवर्गफिट (३ तल्ला सम्म रु.४/- र ४ (चार) तल्लादेखि र सो भन्दा माथि प्रतिवर्गफिट रु १०/-

आ) आर.सी.सी बाहेक पक्की घर प्रतिवर्ग फिट रु २/

इ) फुस, टिन छाना/टहरा भएको घर प्रतिवर्ग फिट रु.१/-

*मापदण्ड लागू भएपछी नक्शापास नगरी बनाएकोमा ५०% थप दस्तुर लाग्ने छ ।*

ख) गाउपालिका अन्य क्षेत्रमा : (तीनतल्ला सम्मका लागि मात्र)

अ) आर.सी.सी ढलान घर प्रतिवर्ग फिट रु.३/-

आ) आर.सी.सी. बाहेकका पक्की घर प्रतिवर्ग फिट १/-

इ) फुस, टिन छाना/टहरा भएको घर प्रतिवर्ग फिट /५० पैसा

*मापदण्ड लागू भएपछी नक्शापास नगरी बनाएकोमा ५०% थप दस्तुर लाग्ने छ ।*

ग) यस गा.पा क्षेत्रमा गाउँपालिका घोषणा पूर्व निर्माण भएका घरहरुको सम्बन्धित घरधनीले चालु आ.व. २०७४।७५ भित्र घर नक्सा दर्ता गरी निर्माण गरेको प्रमाण कागजात लिएमा हाल कायम रहेको नक्सापास दस्तुरको ५० प्रतिशत दस्तुर लिई प्रमाण कागजात उपलब्ध गराईने छ ।

घ) नक्शा पास/निर्माण सम्पन्न नामसारी गर्नु पर्दा हाल कायम रहेको नक्सापास दस्तुरको १० प्रतिशत वा न्यूनतम मुल्य रु.१०००/- मध्ये जुन बढी हुन आउँछ सोहि अनुसारको दस्तुर लिई नामसारी गरिने छ ।

ङ) नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नको प्रतिलिपी दस्तुर रु.२००/- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ र पिल्पन्थ लेवल भन्दा माथि super structure को नक्शा पास गरी

निर्माण सम्पन पत्र तोकिएको समयमा नलिएमा बिलम्ब दस्तुर रु ५००/- वा लाग्ने राजश्वको २५ प्रतिशत मध्ये जुन वढी हुन्छ सो वरावरको थप दस्तुर लिई निर्माण सम्पन्न पत्र प्रदान गरिने छ।

च) घर निर्माणका लागि यस गा.पा.बाट स्वीकृत (प्लीन्थ लेवल सम्मको) लिई तोकिएको अवधि भित्र निर्माण सम्पन्न नलिने वा थप दस्तुर तिरी म्याद थप गरिएकोमा थप अवधिभित्र निर्माण सम्पन्न नगरिएमा सो वापत राखिएको धरौटी रकम फिर्ता हुनेछैन ।

छ) शिवपुरी गाउँपालिका क्षेत्रभित्रRRC/RBC ढनाल घर, RRC/RBC विनाको पक्की घर, कच्ची घर दर्ता शुल्क रु ५०/-

ज) नक्शापास गर्ने आवेदनपुस्तिका रु.५००/- प्रतिगोटा

अनुसूचि (2)

**भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (2) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**१. मालपोत :**

क) मध्य पहाडी लोकमार्गमा जोडिएका जग्गा न्यूनतम रु.५०/- तथा प्रति रोपनीरु.५०/- को दरले

ख) कालोपत्रे सडकमा जोडिएका जग्गा न्यूनतम रु.५०/- तथा प्रति रोपनीरु.५०/- को दरले

ग) मोटरबाटोमा (ग्राभेल, माटे सडक) जोडिएका जग्गा न्यूनतम रु.२०/- तथा प्रति रोपनीरु.२०/- को दरले

घ) धान खेत - प्रति रोपनी थप रु. १५/-

ङ) पाखोबारी -प्रति रोपनी थप रु. १०/-

*(साविकमा मालपोत दस्तुर बुझाएको प्रमाण पेश नभएको र चालु आ.व. २०७४।७५ मा बुझाउन आएमा अघिल्ला बर्षहरुको चालु आ.व.को दरले १ बर्षको समेत थप गरी लिईनेछ । )*

अनुसूचि (3)

१. **घर वहाल करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (3) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

क) गाउँपालिकोको लागि थप घरवहाल कर २%

**व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (4) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**१. व्यवसाय कर :**

क) राजश्व परामर्श समितिको सिफारिशमा गरी कार्यपालिकाको स्वीकृति एवं गाउँसभाबाट अनुमोदन भएबमोजिम व्यवसाय कर प्रत्येक वर्ष असुली गरिनेछ । चालु आ.व. भित्र असुल नभै अर्को वर्ष असुल गर्नु पर्दा २५ प्रतिशत विलम्व दस्तुर थप गरी असुल गरिनेछ ।

ख) जादु, सर्कस, चटक, फुटपाथमा औषधी बेचबिखन आदिमा प्रतिदिनको रु.५००/- असुल गरिनेछ ।

**ग) <u>व्यवसाय कर, दस्तुर</u>**

| सि.नं. | व्यवसायको विवरण | नियमानुसार लिनपाउने कर दस्तुर | | आ.व.७४/७५को लागिअनुमानित |
|---|---|---|---|---|
| | | न्यूनतम रु. | अधिकतम रु. | |
| १. | **व्यापारिक वस्तु** | | | |
| १.१.१ | **सुन, चादीबिक्रेता** | ७५०/– | १०,०००/– | 1000/- |
| १.१.२ | **भिडियो क्यासेट रेकर्डर तथाप्लेयर उत्पादक** | ७५०/– | १०,०००/– | 1000/- |
| १.१.३ | **चुरोट, रक्सी** | | | |
| | क) थोक बिक्रेता | ७५०/– | १०,०००/– | 1500/- |
| | ख) खुद्राबिक्रेता | ७५०/– | १०,०००/– | 1000/- |
| १.१.४ | **हलुका पेय पदार्थको थोक बिक्रेता** | ७५०/– | १०,०००/– | 1000/- |
| १.२.१ | **निर्माण सामाग्री** | | | |
| | क) सिमेन्ट, छड, धातुकानिर्माण सामान समेत (डिलर भएकोलाई थप रु. १,०००/–) | ५००/– | ५,०००/– | 2000/- |
| | ख) छड, सिमेन्ट मात्रवा सो वाहेक अन्य सामानहरु | ५००/– | ५,०००/– | 1500/- |
| १.२.२ | **कम्प्यूटर र सोका सामानआदीबिक्रीगर्ने पसल** | ५००/– | ५,०००/– | ५००/– |
| १.२.३ | **विद्युतपसल** | | | |
| | क) बिजुलीको सबै सामानथोक | ५००/– | ५,०००/– | ५००/– |
| | ख) बिजुलीका सबै सामानखुद्रा | ५००/– | ५,०००/– | ५००/– |
| १.२.४ | **रेडियो, घडी बिक्रीगर्ने पसल** | ५००/– | ५,०००/– | ५००/– |
| १.२.५ | **फर्निचरका सामानतथाकार्पेट पसल** | ५००/– | ५,०००/– | ५००/– |
| १.२.६ | **पेट्रोलियमपदार्थ** | | | |
| | क) आयलनिगमको डिलर भै पेट्रोलियमपदार्थ बिक्रीगर्ने | ५००/– | ५,०००/– | 2000/- |
| | ख) ग्यास तथाखुद्रा पेट्रोलियपदार्थ बिक्रीगर्ने | ५००/– | ५,०००/– | 500/- |
| १.२.७ | **टेलिभिजनपसल** | | | |
| | क) टिभि फ्रिजतथाअन्य सामानको पसल | ५००/– | ५,०००/– | 500- |
| १.३.१ | **खाद्यान्नकिरानापसल** | | | |
| | क) थोक बिक्रीगर्ने पसल | ३६०/– | १०००/– | 500/- |
| | ख) सबै सामान राखीखुद्राकिराना सामानबिक्रीगर्ने | ३६०/– | १०००/– | 500/- |
| १.३.२ | **फलफुल तथा तरकारी पसल** | ३६०/– | १०००/– | 500/- |
| १.३.३ | **स्वदेश, विदेशी कपडा पसल** | ३६०/– | १०००/– | 500/- |
| २.१ | **विषेश परामर्श तथाअन्यव्यवसायिक सेवा** | ३६०/– | ३०००/– | 500/- |

| | | | | |
|---|---|---|---|---|
| २.१ | **विषेश परामर्श तथाअन्यव्यवसायिक सेवा** | ३६०/– | ३०००/– | 500/- |
| ३.१ | **सामान ढुवनीकर्ता तथाकम्पनी** | ७५०/– | ३,०००/– | 1000/- |
| ३.२ | **निर्माण व्यवसाय** | | | |
| | क) श्रेणीको | २,०००/– | १०,०००/– | २,०००/– |

| | | | | |
|---|---|---|---|---|
| | ख) श्रेणीको | २,०००/– | १०,०००/– | २,०००/– |
| | ग) श्रेणीको | २,०००/– | १०,०००/– | २,०००/– |
| | घ) श्रेणीको | २,०००/– | १०,०००/– | २,०००/– |
| ४.१ | **उत्पादन मूलक उद्योग** | | | |
| | क) इटा तथा प्लास्टीक कारखाना (निर्माण सामाग्री) | २,०००/– | १०,०००/– | 2500/- |
| | ख) अन्य साना घरेलु उद्योग | २,०००/– | १०,०००/– | 2500/- |
| | ग) कलर ल्याब | २,०००/– | १०,०००/– | - |
| ४.२ | **फर्निचर उद्योग** | | | |
| | क) ट्रली समेत राखेको स-मिल | २,०००/– | १०,०००/– | 3000/- |
| | ख) स-मिलतथाउच्च स्तरको फर्निचर बनाउने उद्योग | २,०००/– | १०,०००/– | 4000/- |
| | ग) सामान्य फर्निचर उद्योग | २,०००/– | १०,०००/– | 2000/- |
| ५. | **उर्जामूलक उद्योग - हाईड्रो, अन्य** | २,०००/– | १५,०००/– | 10000/- |
| | **कृषि तथा वनजन्य उद्योग** | | | |
| | क) एक करोड भन्दामाथिपूजीभएको | १,५००/– | १०,०००/– | 2500/- |
| | ख) एक करोड सम्मको | १,५००/– | १०,०००/– | 2000/- |
| | ग) पाँचलाख सम्मको | १,५००/– | १०,०००/– | 1500/- |
| ७. | **खनिजउद्योग** | १,५००/– | १०,०००/– | 2000/- |
| ८. | **पर्यटन उद्योग** | | | |
| | **होटल लज (रिसोट, होटल लज, होटल रेष्टुरा)** | १,०००/– | ५०,०००/– | |
| | क) वर्ग | | | 3000/- |
| | ख) वर्ग | | | 2000/ |
| | ग) वर्ग | | | 1000/ |
| ९. | **सेवाउद्योग** | ४००/– | ७०००/– | |
| | क) सिनेमाहल | ४००/– | ७०००/– | 1000/- |
| | ख) अफसेट प्रेस | ४००/– | ७०००/– | 1000/- |
| | ग) लेटर प्रेस | ४००/– | ७०००/– | 1000/- |
| | घ) कोल्ड स्टोर तथा फास्ट फुड पसल | ४००/– | ७०००/– | 1000/- |
| | ङ) चलचित्रव्यवसाय अडियो भिडियो क्यासेट | ४००/– | ७०००/– | 1000/- |
| | च) हवाई सेवाबुकिङ काउन्टर | ४००/– | ७०००/– | 1000/- |
| | छ) सार्वजनिक परिवहन (बुकिङ काउन्टर) | ४००/– | ७०००/– | 1000/- |
| १०. | **निर्माण उद्योग** | १,०००/– | १०,०००/– | 4000/- |
| ११. | **संचार सेवा** | ३६०/– | १,५००/– | 1000/- |
| ११.२ | क) फोन, फ्याक्स, इमेल, इन्टरनेट राखेको लाई | ३६०/– | १,५००/– | 1000/- |
| | ख) फोटोकपी, फोन राखेकोलाई | ३६०/– | १,५००/– | |
| | ग) फोन, फोटोकपी, कुरियर आदिमध्ये कुनै एक राखेको लाई | ३६०/– | १,५००/– | |

| | | | | |
|---|---|---|---|---|
| ११.३ | **कुरियर सेवा** | ३६०/– | १,५००/– | |
| ११.४ | **छपाई तथाप्रकाशन** | ३६०/– | ३,०००/– | |
| ११.५ | **पत्रपत्रिकातथा स्टेशनरी पसल** | | | |
| | क) पत्रपत्रिकातथा स्टेशनरी सामान राखेको पसल | ३६०/– | ५,०००/– | |
| | ख) पत्रपत्रिकापसल | ३६०/– | ५,०००/– | |
| १२. | **वित्तीय सेवा** | | | |
| १२.१ | **निजी क्षेत्रकाआर्थिक कारेवार गर्ने बैंक** | ५,०००/– | ५०,०००/– | 5,000/- |
| १२.२ | **आर्थिक कारोवार गर्ने वित्तीयकम्पनीको मुख्यकार्यालय** | ५,०००/– | १०,०००/– | 5,000/- |
| १२.३ | **वित्तीयकम्पनीको शाखाकार्यालय** | १,०००/– | ३,०००/– | 2000/- |
| १२.४ | **विमाकम्पनी** | ५,०००/– | १०,०००/– | 5000/- |
| १२.५ | **विदेशीमुद्रा सटही काउन्टर** | १,०००/– | ३,०००/– | 2000/- |
| १२.६ | **धितो पत्रकारोवार** | १,०००/– | ३,०००/– | 2000/- |
| १२.७ | **सहकारी बैंक** | १,०००/– | २,०००/– | 1000/- |
| १२.८ | **सहकारी संस्था** | | | 1000÷- |
| १३. | **स्वास्थ्य सेवा** | | | |
| | क) गैर सरकारी अस्पताल | १,५००/– | ५,०००/– | 2000/- |
| | ख) नर्सिङ होम | २,५००/– | ५,०००/– | 2000/- |
| | ग) क्लिनिकतथाल्याब | ५००/– | ३,०००/– | 1000/- |
| १४. | **शिक्षा सेवा (निजी क्षेत्रबाट संचालित)** | | | |
| १४.१ | क) प्रा.वि. | ३६०/– | १,०००/– | 1000/- |
| | ख) नि.मा.वि. | ३६०/– | १,०००/– | |
| | ग) मा.वि. | ३६०/– | १,०००/– | |
| | घ) उच्चमा.वि., क्याम्पस वाप्राविधिकशिक्षालय | ३६०/– | १,०००/– | |
| | ङ) अन्तराष्ट्रिय गैर सरकारी संस्था | २,५००/– | ५,०००/– | 5000/- |
| १४.२ | **तालिमतथा अनुसन्धान केन्द्र** | | | |
| १४.३ | क) टाईपिङ तथा कम्प्यूटर इन्सीच्यूट र भाषा प्रशिक्षण | १,०००/– | ३,०००/– | 2000/- |
| | ख) सिलाईबुनाई तथाअन्य साना प्रशिक्षण केन्द्र | १,०००/– | ३,०००/– | 1000/- |
| १५. | **मर्मत सम्भार** | | | |
| १५.१ | क) हेवी इक्यूमेन्टस् बस, ट्रक, जिप, कार, ट्याक्टर | ३६०/– | १,५००/– | 500/- |
| | ख) मोटरसाईकल, टेम्पो | ३६०/– | १,५००/– | |
| १५.२ | क) टि.भि., फ्रिज, मोटर, पंखा, हिटर | ३६०/– | १,५००/– | 500- |
| | ख) रेडियो, घडी, प्रेशरकुकर, टेलिफोन स्टोप ग्यास चुल्हो आदि | ३६०/– | १,५००/– | 500- |
| १६.१ | **विज्ञापन सेवा** | ३६०/– | १,५००/– | 1500/- |
| १६.२ | **बैदेशिक रोजगार सेवा** | १,०००/– | १,५००/– | 1000/- |
| १६.३ | **स्वदेशी रोजगार सेवा** | ३६०/– | १,५००/– | 1000/- |

| | | | | |
|---|---|---|---|---|
| १६.४ | **सेक्रेटरियल सेवा** | १,०००/– | १,५००/– | 1000- |
| १६.५ | **हाउजीङ कम्पनीतथा घर जग्गाखरिद बिक्री** | १,५००/– | ५,०००/– | 3000/- |
| १६.६.१ | **ब्यूटी पार्लर** | ३६०/– | १,५००/– | 500/- |
| १६.६.२ | **ड्राईक्लिनर्स धोवी** | ३६०/– | १,५००/– | 500/- |
| १६.६.३ | **फोटो स्टुडियो** | ३६०/– | १,५००/– | 1000/- |
| १६.६.४ | **टेलर** | | | |
| | क) सबै किसिमका मेशिन राखीउच्च स्तरीय सिलाई गर्नेलाई | ३६०/– | १,५००/– | 500/- |
| | ख) एक भन्दा बढी मेशिन राखीसिलाई गर्नेलाई | ३६०/– | १,५००/– | 500/- |
| | ग) एक मेशिन राखीसिलाई गर्नेलाई | ३६०/– | १,५००/– | 500/- |
| १६.६.५ | **सैलुन** | ३६०/– | १,५००/– | 1000/- |
| | क) ३ सिट भन्दा बढी क्षमताभएको सैलुनलाई | ३६०/– | १,५००/– | 1000/- |
| | ख) साधारण सैलुनलाई | ३६०/– | १,५००/– | 500/- |
| १६.७ | **साईन बोर्ड पेन्टीङ** | ३६०/– | १,५००/– | 1000/- |
| १६.८ | **पशु वधशाला** | १,०००/– | ३,०००/– | 1000/- |
| १६.९ | **मासु बिक्रेता** | ३६०/– | १,०००/– | 1000/- |
| १७. | **अन्यव्यवसायहरु** | | | |
| १७.१ | **पार्क पिकनिक स्पट** | ३६०/– | ५,०००/– | 500/- |
| १७.२ | **टुर अपरेटर** | ३६०/– | ५,०००/– | 500/- |
| १९. | **विविधव्यवसाय** | | | |
| १९.१ | **औषधीपसल** | ३६०/– | ५,०००/– | 1000/- |
| १९.२ | **भाडा पसल** | ३६०/– | ५,०००/– | 1000/- |
| १९.३ | **जुत्ताचप्पलपसल** | ३६०/– | ५,०००/– | 1000/- |
| १९.४ | **साईकलमर्मत तथाबिक्री** | ३६०/– | ५,०००/– | 500/- |
| १९.५ | **मेशिनरी पार्ट पसल** | ३६०/– | ५,०००/– | 1200/- |
| १९.६ | **पानपसल** | ३६०/– | ५,०००/– | 500/- |
| १९.७ | **खानातथानास्तापसल** | ३६०/– | ५,०००/– | 1000/- |
| १९.८ | **मिठाई तथाचियापसल** | ३६०/– | ५,०००/– | 1000/- |
| १९.९ | **लेथ वर्कशप** | ३६०/– | ५,०००/– | 1500/- |
| १९.१० | **पोल्ट्री पशु फर्म/दाना डिपो/एग्रोभेट** | ३६०/– | ५,०००/– | 1000/- |
| १९.११ | **सप्लायर्स** | ३६०/– | ५,०००/– | |
| | क) एक लाखभन्दा बढीको सामान सप्लाई गर्नेलाई । | ३६०/– | ५,०००/– | 1000/- |
| | ख) एक लाखसम्मको सामान सप्लाई गर्नेलाई | ३६०/– | ५,०००/– | 500/- |
| | ग) पचास हजार सम्मको सामान सप्लाई गर्नेलाई । | ३६०/– | ५,०००/– | 500/- |
| १९.१६ | **केबुलअपरेटर** | ३६०/– | ५,०००/– | 4000/- |

| | | | | |
|---|---|---|---|---|
| १९.१९ | **टेन्ट हाउस** | ३६०/– | ५,०००/– | 1000/- |
| १९.२० | **रासायनिकमलतथाविषादीपसल** | ३६०/– | ५,०००/– | 1500/- |
| १९.२१ | **कबाडी व्यवसाय** | ३६०/– | ५,०००/– | 1500/- |
| १९.२२ | **सुर्ति पसल थोक तथा खुद्रा विक्रेता** | ३६०/– | ५,०००/– | 1000/- |
| १९.२३ | **डिलरशिप (माथि भए बाहेक)** | ३६०/– | ५,०००/– | 4000- |
| १९.२४ | **ठूला कम्पनीको सेल्स डिपो** | ३६०/– | ५,०००/– | 3000/- |

क) माथिउल्लेख भएको व्यवसायमा चालु आ.व.२०७४।७५ भित्रदर्ता गर्न आएमा नियमित शुल्कको २५ प्रतिशत छुट दिईनेछ ।

ख) चालु आ.व.भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा २५ प्रतिशत थप विलम्व शुल्क सहित असुल गरिनेछ ।

ग) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय थप गरेमा थप गरेको व्यवसायमा माथि उल्लेखित दरको प्रत्येक व्यवसायमा २५ प्रतिशतले हुने रकम थप व्यवसाय कर लिने ।

घ) माथि उल्लेख भएको व्यवसायमा सोहीअनुसार र उल्लेख नभएको अवस्थामा रु. ५००/– देखि ५,०००/– सम्म गाउ कार्यपालिकाबाट. निर्णय गरी निर्धारण गरिने छ ।

अनुसूचि (5)

**जडिबुटी, कवाडी र जीवजन्तु कर**ः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (5) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

१. पूर्वाधार संरचना निर्माण पश्चात व्यवसायिक कारोवार भएमा कार्यविधी बनाई असुल उपर गरिने ।

अनुसूचि (6)

**सवारी साधन कर**ःगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (6) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

१. कार्यविधी बनाई असुल उपर गरिने ।

अनुसूचि (7)

**विज्ञापन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (7) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

१.) होडिङ वोर्ड सेवा शुल्क निम्नानुसार लगाईने छ ।

अ) प्रतिवर्ग फिट रु ५ (पाच)

आ) अन्यको हकमा गा.पा.ले तोके वमोजिम हुनेछ

इ) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन । र १ भन्दा धेरै वोर्ड राख्नु परेमा माथिको दररेटमा सम्वन्धित व्यवसायिले विज्ञापन कर वापत वुझाउनु पर्नेछ ।

अनुसूचि (8)

**मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (8) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१. पार्किङ शुल्कः सभा, सम्मेलन, उत्सव, महोत्सबमा पटके रुपमा गाउँपालिकाबाट निर्धारण गरिनेछ ।

अनुसूचि (9)

**बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (9) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१. फुटपाथ बजारको लागि दैनिक रु ३०/-

अन्य शुल्क कार्यविधी बनाई असुल गरिनेछ ।

अनुसूचि (10)

**पार्किङ शुल्कः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (10) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१. पार्किङ शुल्कः सभा, सम्मेलन, उत्सव, महोत्सबमा पटके रुपमा गाउँपालिकाबाट निर्धारण गरिनेछ ।

अनुसूचि (11)

**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (11) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१. पूर्वाधार र साधानको व्यवस्था भएपछि कार्यविधी बनाई सेवा शुल्क निर्धारण गरी लागू गरिनेछ ।

अनूसूचि 12

**सेवा शुल्क, दस्तुरः** गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि 12 मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१. विभिन्न प्रकारका सिफारिस दस्तुरः**

क) छुट जग्गा दर्ता शिफारिस निवेदन फाराम र निवेदन दर्ता दस्तुर समेत

| | |
|---|---|
| अ) १ रोपनी सम्म | रु.५००/- |
| आ) १ रोपनी देखि ५ रोपनी सम्म | रु.१०००/- |
| इ) ५ रोपनी वा सो भन्दा माथि सम्म | रु.१५००/- |

ख) जग्गा नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम समेत)

| | |
|---|---|
| अ) ५ रोपनी सम्म | रु.१००।- |
| आ) ५ रोपनी देखि २० रोपनी सम्म | रु.२००/- |

इ) २० रोपनी वा सो भन्दा माथि रु.५००/-

ग) मोही दर्ता तथा मोही नामसारी सिफारिसः

अ) ५ रोपनी सम्म रु.५००/-

आ) ५ रोपनी भन्दा माथिजतिसुकै भएपनिरु.१०००/-

घ) घरजग्गा, चार किल्ला प्रमाणित

अ) चार किल्ला प्रमाणित प्रति कित्ता रु.१००/-

आ) घरबाटो भए/नभएको प्रमाणित रु.१००/-

स्थलगत निरीक्षण गरिएकोमा थप रु.५००/- प्रति कित्ता

इ) घर जग्गा कर रसिदको प्रतिलिपी रु.५०/-

ई) घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा रु.१,०००/-

ङ) श्रोत प्रमाणित

अ) श्रोत प्रमाणित प्रतिशत ०.०२५%

आ) घर जग्गा मूल्यांकन - ०.०२५%(विद्यार्थीलाई ४५ प्रतिशत छुट)

च) विभिन्न प्रकारका घरेलु उद्योग दर्ता सिफारिस :

अ) साना घरेलु उद्योग रु.५००/-

आ) मझौला उद्योग रु.१०००/-

इ) ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) रु.२०००/-

छ) डिलर लिने सिफारिस रु.२०००/-

ज) माथि नखुलेका उद्योग व्यवसायका सिफारिस रु.५००/-

झ) नागरिकता, प्रमाणपत्र प्रतिलिपी दस्तुर

अ) प्रमाणपत्र प्रतिलिपी दस्तुर रु.१०/- प्रतिपाना

आ) नागरिकता लिनका लागि सिफारिस रु.१००/- ,

इ) नागरिकताको प्रतिलिपी लिन सिफारिस रु.२००/-

ई) अंगिकृत नागरिकता सिफारिस रु.१०००/-

ञ) नाता प्रमाणित रु.१५०/-

ट) नाता सम्बन्ध रु.१५०/-

ठ) धारा, विजुली जडान सिफारिस रु.२००/-

अ) धारा जडान सिफारिस रु.२००/-

आ) बिजुली जडान सिफारिस रु.२००/-

ड) काठ कटान/ निकासी गर्ने सिफारिस रु.५०/- प्रति रुख

ढ) वादविवाद (मुद्धा) सम्बन्धी निवेदन दर्ता रु. १००/-

ण) रकम कलम उठाइदिए वापत सयकडा ३%

त) अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारिस रु.२००/-

थ) निजी स्तरका विद्यालय स्थापना तथा तहवृद्धी सम्बन्धी सिफारिस रु.१,०००/-

द) सामुदायिक/सरकारी विद्यालयको तहवृदी सम्बन्धी सिफारिस रु.२००/-

ध) संचार टावर स्वीकृती सिफारिस रु. ६,०००/-

| | | |
|---|---|---|
| न) | व्यक्तिगत घटनादर्ता विलम्ब दस्तुर | रु.१००/- |
| प) | घर कायम गर्न सिफारिश | रु ३००/- |
| फ) | मरुवा नामसारी (सम्पत्ति) वापत | रु ५००/- |
| ब) | लालपुर्जा प्रतिलिपी सिफारिश | रु ३००/- |
| भ) | उल्लेखित भएकोमा नपरेका अन्य सिफारिश | रु १००/- |

म) फोहर व्यवस्थापनका लागि पूर्वाधार र साधानको व्यवस्था भएपछि सेवा शुल्क निर्धारण गरिनेछ।

अनुसूची १३

**पर्यटनशुल्कः** गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

पूर्वाधार र साधानको व्यवस्था भएपछि कार्यविधी बनाई सेवा शुल्क निर्धारण गरी लागू गरिनेछ।